# राब्देश्चीमा बाल न्याय बोर्डको उद्‌घाटन



बाल न्याय बोर्डको उद्‌घाटनको अवसरमा दीप प्रज्ज्वलन गर्दै मुख्य न्यायाधीश न्यायमूर्ति सतीस कुमार अग्नीहोत्री।

**गेजिङ १५ अप्रेलः** पश्चिम सिकिममको तिग्जुक राब्देश्चीमा आज राज्यका मुख्य न्यायाधीश न्यायमूर्ति सतीस कुमार अग्नीहोत्रीको बाहुलीबाट बाल न्याय बोर्डको उद्‌घाटन गरियो। समारोहमा न्यायाधीश मिनाक्षी मदन राई सिक्किम उच्च न्यायालय, पश्चिम जिल्ला न्यायाधीश केसी बारफोङपा, न्यायाधीश सीजेएम सुवर्णा राई, जिल्लापाल कपिल मिना, पुलिस अधीक्षक प्रताप प्रधान, भवन तथा आवस विभागका सचिव रेणु थापा, पश्चिम जिल्लाका विभिन्न सरकारी कर्मचारी आदिको उपस्थिति रहेको थियो। राब्देश्ची स्थित पुरानो न्यायालयलाई मरम्मति गरेर यसलाई आजदेखि जुमिनियल जस्टिस बोर्डको निम्ति तयार पारिएको छ। बोर्डको उद्‌घाटन गरि अब उसो जुमिनियल जस्टीसको निम्ति सार्वजनिक गरिएको छ। कार्यक्रमलाई स्वागत भाषणको क्रममा पश्चिम जिल्ला न्यायाधीश केसी बरफोङपाले भवनको विषय र यहाँ गरिने न्यायको विषयमा जानकारी गराइन्।

कार्यक्रमलाई सम्बोधन गर्दै उच्च न्यायालयकी न्यायाधीश मिनाक्षी मदन राईले यो जुमिनल बोर्ड यहाँ खोलिनुको आवश्यकता र यहाँ हुने न्यायका विषयमा जानकारी गराइन। जुमिनल बोर्ड वर्ष २००३ देखि शुरू भएको बताउँदै यस्ता केही मुद्दाहरू आउँदा कोर्टको परिसरमा गरिने जसको कारण कतिपय विषयमा यो न्यायको फसेलामा बाधा भएकोले यसलाई छुट्टै तथा अलग राखेर बाल-बालिकाहरूको सुरक्षाहेतु यसरी छुट्टै बोर्ड स्थापित गरिएको जानकारी दिइन्। उनले भनिन्, यस जुमिनल बोर्डमा विशेष बाल बालिकाको सुरक्षा र यस सम्बन्धि हुने विभिन्न मुद्दामाथि त्रासरहित समस्याको समाधान होस् भनेर अलग तरिकाले भवन तयार गरिएको हो। उद्‌घाटन समारोहलाई सम्बोधन गर्दै सिक्किमका मुख्य न्यायाधीश न्यायमूर्ति सतिश कुमार अग्नीहोत्रीले बाल बालिकाको विविध मुद्दामाथि अलग र छुट्टै वातावरण चाहिन्छ यसले गर्दा यस्तो विभिन्न मुद्दाहरू हुनबाट जोगाउन सकियोस् भन्ने उद्देश्य लिएको बताए। यसरी नै यो कार्य भने विशेष रूपले बाल बालिको कल्याण अनि सुरक्षाको निम्ति गरिएको अनि बाल अधिकारमाथि सबै नागरिक पनि सधैं सचेत रहनुपर्ने उनले आह्वान गरे। नानीहरू भविष्यका सम्पत्तिहरू हुन् यनीहरूको अज्ञानतामा हामीले शिक्षा दिनुपर्नेछ उनले भने। प्रत्येक बालक बालिकालाई शैक्षिक केन्द्र पुऱ्याउनु पर्छ, गुणस्तर शिक्षा दिनुपर्छ यो हामी सम्पूर्णको महत्त्वपूर्ण जिम्मेवारी हो, उनले भने। यो कोर्ट अब उसो पश्चिम सिकिकमको निम्ति तयार भएको उनले जानकारी गराए। पश्चिम सिकिमम सोरेङ महकुमा न्यायाधीश ज्वाला थापाले संचालन गरेको कार्यक्रममा गेजिङ सीजीएम सुवर्णा राईले धन्यवाद दिइन्।

# सिक्किम पदयात्राले पूरा गऱ्यो एघाह्र महिना

**गान्तोक, १५ अप्रेल:** वर्षव्यापी सिक्किम पदयात्राले सफलतापूर्वक एघाह्र महिना पूरा गरेको छ। गत वर्षको १६ मईदेखि पश्चिम सिक्किमको योक्समबाट शुरू गरिएको यस वर्षव्यापी पदयात्रा टोलीले पश्चिम, दक्षिण अनि उत्तर जिल्लाको पद यात्रा समाप्त गरी हाल पूर्व जिल्लाको पद यात्रा गरिरहेको छ। यस टोलीले आफ्नो पुस्तक परिवर्तनको घोषणामा उल्लेखित विषयवस्तुहरूबारे जन साधारण तथा युवाहरूलाई बुझाउँदै पद यात्राको उद्देश्यबारे जानकारी गराउँदै आएको छ।



आजसम्म १४६ दिनको यात्रा पूरा गरिसकेको यस टोलीले पूर्व जिल्लाको सिङताम-खाम्दोङ, तुमिन-लिङ्गी, मार्ताम-रूम्तेक, बुर्तुक, पश्चिम पाण्डाम, रिनाक, छुजाचेन, नाथाङ माछोङ समष्टिको पदयात्रा पूरा गरी हाल नाम्चेबुङको पदयात्रामा रहेको जनाएको छ। टोलीले यस अभियानमा विभिन्न वर्गका मानिसहरूसित भेट गरी उनीहरूको विचार सुन्ने अवसर पाएको साथै सिक्किम राज्यको सामाजिक, आर्थिक, राजनैतिक, तथा शैक्षिक अवस्थाबारे बुझ्ने अवसर पाएको जनाएको छ। टोलीमा गुरू प्रदास लुइँटेल, फुर्बा छिरिङ भोटिया, ग्याल्छेन लेप्चा, रेमन थापा अनि नविन किशोर छेत्री सामेल छन्। यस टोलीले उत्तर जिल्लापछि गत २० नोभेम्बर २०१६-मा बी-२-बाट पूर्व जिल्लाको पद यात्रामा प्रवेश गरेको हो। यस अवधिमा सिक्किमका ग्रामीण इलाकाका मानिसहरूले भरपूर सहयोग गरेकोमा टोलीले आभार पनि व्यक्त गरेको छ। पदयात्रा टोलीले आम नागरिकहरूलाई भ्रष्टाचार, ड्रग्सको कुलत अनि आत्महत्या मुक्त सिक्किमको सन्देश प्रचार गरेको जानकारी गराइएको छ।

# एमपीसीएसद्वारा पश्चिम पाण्डाम जीपीयूलाई लाभांश रकम हस्तान्तरण



**सिङ्ताम, १५ अप्रेल।** पश्चिम पाण्डाम बहुउद्देश्यीय सहकारी समितिले आज पश्चिम पाण्डाम जीपीयूलाई मुनाफाको रकम वितरण गऱ्यो। उक्त सहकारी समितिका प्रबन्धक प्रेम बहादुर छेत्रीले पश्चिम पाण्डाम जीपीयूका सचिव सोनाम लेप्चालाई जीपीयूले सहकारी समितिमा लगाएको शेयरको २ वर्षको लाभांस रकम ५ हजार ४ सय रुपियाँ पञ्चायत भवनमा आज हस्तान्तरण गरे। सचिव लेप्चाले पश्चिम पाण्डाम बहुउद्देश्यीय सहकारी समितिले गरिरहेका आफ्नो विकाससँग-सँगै गरीब व्यक्तिहरुको हितमा पनि सामाजिक कार्यहरु गरिरहेकोमा आभार व्यक्त गर्दै समितिको अझ उत्तरोत्तर प्रगति होस भनी शुभकामना दिएका छन्।

# अम्बेडकर जयन्तीको उपलक्ष्यमा चार एससी विद्यार्थीलाई अम्बेडकर छात्रवृत्ति



**गान्तोक, १५ अप्रेलः** राजधानी गान्तोकस्थित मनन केन्द्रमा हिजो १४ अप्रेलको दिन आयोजित १२६औं अम्बेडकर जयन्तीको शुभोपलक्ष्यमा अनुसूचित जाति छात्रवृत्ति योजना (एससीएसएस) अन्तर्गत राज्यका चार जिल्लाका मेधावी विद्यार्थीहरूलाई मानव संसाधन विकास विभागले डा. अम्बेडकर छात्रवृत्ति प्रदान गऱ्यो।

राज्यपाल श्रीनिवास पाटिलले शैक्षिक सत्र २०१६ को पाचौं श्रेणीमा आ-आफ्नो सम्बन्धित जिल्लामा उत्कृष्ट स्थानमा आउने विद्यार्थीहरूलाई अभिनन्दन जनाए। यी छनौट भएका मेधावी विद्यार्थीहरूलाई योपालि यमुना नगर हरियाणाको दिल्ली पब्लिक स्कूलमा अध्ययनको निम्ति पठाइने प्रेस बयानमा जनाइएको छ।

डा. अम्बेडकर छात्रवृत्ति योजनाको घोषणा मुख्यमन्त्री पवन चामलिङले १४ अप्रेल २०१५ -मा स्थानीय चिन्तन भवनमा गरेका थिए। एचसीएमएमएसएस अन्तर्गत रहेका विद्यार्थीहरूलाई पठाएपछि योजना अनुसार डा. अम्बेडकर छात्रवृत्ति योजनामा रहेका अनुसूचित जातिका विद्यार्थीहरूलाई पठाइन्छ। एचसीएमएमएसएसमा सुनिश्चित गरिएको ७ प्रतिशत आरक्षणको अतिरिक्त राज्यबाट प्रत्येक वर्ष अझै ४ जना एससी समुदायसका विद्यार्थीहरूलाई सिक्किम बाहिर अध्यनयको निम्ति पठाउने गरिन्छ। अम्बेडकर छात्रवृत्ति योजना यसपालि एससी विद्यार्थीहरूको यो दोस्रो ब्याच हो। छनौट गरिएका एससी समुदायका ४ विद्यार्थीहरू लालमान बराइली (ञपूर्व जिल्ला), सुनिल कुमार कामी (पश्चिम जिल्ला), रक्षिका दमाई (उत्तर जिल्ला) अनि विकास कामी (दक्षिण जिल्ला) सामेल छन् जसलाई यो महिनाको अन्तिम सप्ताहमा डीपीएसमा पठाइने बताइएको छ। छात्रवृत्तिको निम्ति छनौट भएका विद्यार्थीहरूलाई मुख्य सचिवको सम्मेलन कक्षमा स्वास्थ्य मन्त्री एके घतानीको उपस्थितिमा प्राथमिक शिक्षाका निर्देशक भीम ठटालले सल्लाह सुझाउहरू दिए। उनले विद्यार्थीहरूलाई यस्ता बाहिरका चुनिएका प्रतिष्ठित स्कूलहरूमा अध्ययन गर्दा जान्नुपर्ने शिक्षण प्रणाली अनि पालन गर्नुपर्ने अनुशासनको विषयमा पनि जानकारी दिए। अखिल सिक्किम अनुसूचित जाति संगठन (एएसएससी डब्ल्यूए) का अध्यक्ष शेखर सेवाले विद्यार्थीहरूको यात्रामा कार्यकारी समितिका एकजना सदस्य अनि अभिभावक पनि जाने बताए।

यिनीहरूले संगठनको खर्चमा यात्रा गर्नेछन्। मन्त्री एके घतानीले पनि विद्यार्थई अनि अभिभावकवर्गलाई सम्बोधन गर्दै जीवनमा उच्च लक्ष्य प्राप्त गर्न कठोर परिश्रम र अनुशासनात्मक ढंगले अध्ययनमा एकाग्र रहने सुझाउ दिए। अहिलेसम्म एससी दर्जाका ४६ जना विद्यार्थीहरूलाई राज्यभित्र अनि बाहिर एचसीएमएमएसएस अन्तर्गत प्रतिष्ठित स्कूलहरूमा भर्ना गरिएको छ अनि यसरी नै अम्बेडकर छात्रवृत्ति योजना अन्तर्गत ८ जना विद्यार्थीहरूलाई राज्य बाहिर अध्ययनको निम्ति पठाइएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।अम्बेडकर जयन्तीको अवसरमा एचआरडीडीले ९औं अनि १०औं श्रेणीका विद्यार्थीहरूको निम्ति जिल्लास्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजन गरेको थियो (प्रत्येक जिल्लाबा एकजना) जसमा उत्कृष्ट निबन्धलाी १० हजार ुरपियाँ नगद राशि पुरस्कारको रूपमा प्रदान गरियो।






# एसकेएमका १४ परिवार एसडीएफमा सामेल



**सोरेङ, १५ अप्रेलः** पश्चिम सिक्किमको सोरेङ च्याखुङ निर्वाचन क्षेत्र अन्तर्गत छोटा सामदुङ ब्लकका सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीका १४ परिवार आज सत्ताधारी एसडीएफ पार्टीमा सामेल भएको प्रेस विज्ञप्तिमा जनाइएको छ। एसकेएमबाट एसडीएफमा सामेल हुने परिवारहरूले एसकेएम पार्टीमा नीति-सिद्धान्त अनि कार्यक्रम नरहेको साथै यो पार्टी एक व्यक्ति केन्द्रित रहेको र यो पार्टी र पार्टी अध्यक्षमाथि कुनै विश्वास नरहेको कारण सोरेङ च्याखुङ समष्टिका क्षेत्र विधायक तथा मन्त्री आरबी सुब्बाको नेतृत्वमा पूर्ण आस्था र विश्वास राखेर एसडीएफ पार्टीमा सामेल भएको बताएका छन्। एसकेएम पार्टीको सदस्यताबाट विधिपूर्वक राजीनामा दिएर आज एसडीएफमा सामेल हुने परिवारलाई क्षेत्र विधायकले खदा लगाएर पार्टीमा स्वागत जनाए। एसडीएफमा सामेल हुने आजडको यो शुभअवसरमा विधायक चन्द्रमाया सुब्बा, विधायक जीडीएन शेर्पा, सल्लाहकार जेबी तमाङ, पश्चिम जिल्ला एसडीएफ पार्टी युवा अध्यक्ष एसएम लिम्बू अनि सीएलसी अध्यक्ष राजेन्द्र कुमार राई साथै सचिव सफ राई औ सम्पूर्ण कार्यकारी सदस्यहरू उपस्थित थिए।





















'हाम्रो प्रजाशक्ति'-का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ, तादोङबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113